# गैरकानूनी सम्पत्ति अनुसन्धान (पाँचौं संशोधन) कार्यविधि, २०८२

गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गैरकानूनी सम्पत्ति अनुसन्धान (पाँचौं संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा ८ मा संशोधनः** गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (ख) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनको लागि "अस्वाभाविक उच्च जीवनयापन" भन्नाले सामान्यतया कुनै राष्ट्रसेवक सार्वजनिक पदमा प्रवेश गर्दाको आर्थिक अवस्था, त्यसबखतको जीवनस्तर र निजले सेवा प्रवेशपछि प्राप्त गरेको आय, निजको दैनिक व्यय र आर्जित सम्पत्ति (जस्तै- महङ्गा गरगहना तथा जवाहरात, घरजग्गा तथा सवारी साधन खरिद), अभौतिक मुद्राको कारोबार, निजी खर्चमा बारम्बार विदेश भ्रमण तथा सुविधासम्पन्न होटल वा रिसोर्टको उपयोग, विदेशी बैङ्क तथा वित्तीय संस्थामा बैङ्किङ वा शेयरको कारोबार, अस्वाभाविक व्यावसायिक लगानी, आम्दानीको तुलनामा खर्चको प्रकृति र दैनिक जीवनशैलीको विश्लेषण समेतका आधारमा निजको जीवनस्तर अमिल्दो र अस्वाभाविक देखिएको अवस्था सम्झनु पर्छ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम छानबिन हुँदा कुनै राष्ट्रसेवकको कुल आम्दानीको दश प्रतिशतसम्म व्यय रकम बढी देखिएमा विस्तृत अनुसन्धान गरिने छैन।

तर त्यस्तो व्यय रकम पचहत्तर लाख रुपैयाँ भन्दा बढी देखिएमा विस्तृत अनुसन्धान गरिनेछ।"

३. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को खण्ड (क) को,-

(१) उपखण्ड ४. को सट्टा देहायको उपखण्ड ४. राखिएको छः-

"४. कुनै सार्वजनिक पदाधिकारीले मासिक पारिश्रमिकका अतिरिक्त कुनै प्रकारका भत्ता तथा सुविधाहरू (स्थानीय भत्ता, प्रोत्साहन भत्ता, निकायगत भत्ता, बैठक भत्ता, पदीय जिम्मेवारी बापत पाउने थप सुविधा आदि) प्राप्त गरेको रहेछ भने त्यस्तो सुविधा बापतको शतप्रतिशत रकम निजको आयमा गणना गर्ने। तर दैनिक तथा भ्रमण खर्चका हकमा भने यसै कार्यविधिमा व्यवस्था भएबमोजिम गणना गर्ने।"

(२) उपखण्ड ६. मा रहेका "प्रमाणित गरिदिएको विवरण" भन्ने शब्दहरूको सट्टा "प्रमाणित गरिदिएको विवरण, हाजिरी विवरण" भन्ने शब्दहरू राखिएका छन्।